## खानेपानी र सरसफाइका राष्ट्रिय मापदण्ड तथा सूचकहरू

| आधार | सूचकहरू | |
|---|---|---|
| | ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइसम्बन्धी राष्ट्रिय रणनीति, २०६० | शहरी खानेपानी तथा सरसफाइ नीति २०६६ |
| पर्याप्त खानेपानी | • घरेलु उपयोगका लागि प्रतिव्यक्ति प्रतिदिन ४५ लीटर<br>• प्रतिव्यक्ति प्रतिदिन न्यूनतम उपलब्धता २५ लीटर । | उच्च सेवा : प्रतिदिन प्रतिव्यक्ति १०० लीटरभन्दा बढी ।<br>मध्यम सेवा : प्रतिव्यक्ति प्रतिदिन ४५-१०० लीटर सम्म ।<br>आधारभूत सेवा : प्रतिव्यक्ति प्रतिदिन ४५ लीटरसम्म । |
| गुणस्तरीय खानेपानी | • खानेपानीको गुणस्तर विश्व स्वास्थ्य संगठनका न्युनतम् मापदण्डहरू अनुकूल हुनुपर्ने । | उच्च सेवा : विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम ।<br>मध्यम सेवा : राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ बमोजिम ।<br>आधारभूत सेवा : राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ को कार्यान्वयन निर्देशिकामा ग्रामीण खानेपानीको लागि परिभाषित गुणस्तर बमोजिम । |
| खानेपानी र सरसफाइमा पहुँच | • धारासम्म पुग्न पार गर्नुपर्ने तेर्सो वा ठाडो दुरी क्रमशः १५० मीटर र ५० मीटर भन्दा बढी हुन नहुने ।<br>• सबै परिवारहरू १५ मिनेट सम्मको आतेजाते दुरी भित्रबाट पानी ल्याउन सक्षम हुनुपर्ने । | उच्च सेवा : घरभित्र (पूर्णजडित धारा)<br>मध्यम सेवा : घर कम्पाउण्ड भित्र (आँगनमा जडित धारा)<br>आधारभूत सेवा : १०० मीटरको पैदल दुरीभित्र (आगन वा सामुदायिक धारा) |
| विश्वसनीयता र निरन्तरता | विना जानकारी पानी बन्द नहुने, अनिवार्य मर्मत सम्भार, न्यूनतम समय मात्र पानी बन्द र खानेपानीमा मौसमी परिवर्तनको नगण्य प्रभाव । | उच्च सेवा : वर्षभरी दैनिक २४ घण्टा<br>मध्यम सेवा : वर्षभरी दैनिक २४ घण्टा<br>आधारभूत सेवा : वर्षभरी दैनिक २४ घण्टा |
| आर्थिक रूपमा थेग्न सक्ने गरी खानेपानी आपूर्ति | • विपन्न परिवारका लागि अनिवार्य सार्वजनिक धाराको व्यवस्था । | • केही व्यवस्था नगरिएको । |
| खानेपानी उपलब्धताको प्राथमिकताक्रम | • व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न पहिलो प्राथमिकता । | • व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न पहिलो प्राथमिकता । |
| खानेपानी उपयोगमा भेदभाव निषेध | • कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वञ्चित गरिने छैन । | • कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वञ्चित गरिने छैन । |

## अबको हाम्रो प्रयास

### राष्ट्रिय स्तरमा

- अब बन्ने नयाँ संविधानमा खानेपानी तथा सरसफाइको अधिकारलाई सामुदायिक वा एकल रूपमा उपयोग गर्न पाउने गरी मौलिक हकको रूपमा समावेश गर्नका लागि पहल गर्ने ।
- नेपालको जलस्रोत ऐन, २०४९ मा खानेपानीलाई पहिलो प्राथमिकता दिएको भए तापनि खानेपानीलाई मानव अधिकारको रूपमा मान्यता प्रदान नगरिएकोले उक्त ऐन संशोधन गर्ने क्रममा खानेपानीलाई पहिलो प्राथमिकता सहित मानव अधिकारको रूपमा स्थापित गर्नको लागि पहल गर्ने ।
- नेपालको खानेपानी नियमावली, २०५५ खानेपानीलाई मानव अधिकारको रूपमा मान्यता प्रदान गर्ने गरी भएका तमाम अन्तर्राष्ट्रिय पहलहरूसँग बेखबर रहेको वा पछाडि परेकोले सो नियमावलीको सट्टामा खानेपानी सम्बन्धी एउटा छुट्टै र सबै खानेपानी प्रणालीका लागि मान्य हुने छाता ऐनको रूपमा खानेपानी ऐनको तर्जुमा गरी अन्तर्राष्ट्रिय दायित्वलाई घरेलुकरण गर्नको लागि पहल गर्ने ।
- संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले अंगिकार गरेको टिप्पणी नं. १५ मा उल्लिखित सूचकसँग तालमेल खानेगरी खानेपानी तथा सरसफाइलाई मानव अधिकारको रूपमा स्थापित गरिएको कुरा मापन गर्न राष्ट्रिय सूचकहरूको विकास गर्नको लागि पहल गर्ने ।
- खानेपानी तथा सरसफाइको क्षेत्रमा सुशासन, समावेशीकरण, सहभागिता, समन्याय र सूचनाको हक सुनिश्चित् गर्नको लागि विद्यमान संस्थागत संरचनाहरूमा थप सुधार गर्न पहल गर्ने ।
- सबै तहका र सबै प्रकारका खानेपानी तथा सरसफाइ नीति, रणनीति, गुरूयोजना र कार्यक्रमहरूका बीचमा सामञ्जस्यता कायम गर्नका लागि खानेपानी र सरसफाइको एउटा एकिकृत र छाता प्रकृतिको रणनीति तर्जुमा गरी अनुनयात्मक दस्तावेजको अवधारणालाई घरेलुकरण गर्न पहल गर्ने ।
- खानेपानी तथा सरसफाइमा संलग्न सरकारी तथा स्थानीय निकाय र स्थानीय समुदायलाई अनुनयात्मक दस्तावेजमा निर्धारित दायित्व र जवाफदेहिता वहन गर्न सक्षम बनाउने गरी क्षमता विकास गर्न पहल गर्ने ।
- खानेपानी तथा सरसफाइलाई मानव अधिकारको रूपमा उपभोग गर्नका लागि आवश्यक पर्ने प्राविधिक क्षमता र सुविधा विस्तार गर्न र लक्ष्य प्राप्ति नभएसम्मको लागि यस क्षेत्रमा लगानी प्रवाह गर्न खानेपानी तथा सरसफाइ क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा स्थापित गर्न पहल गर्ने ।

### स्थानीय स्तरमा

- राष्ट्रिय कानुन तथा नीतिमा भएका खानेपानी तथा सरसफाइ अधिकारका प्रावधानहरूको बारेमा व्यापक प्रचार प्रसार गरी तिनीहरूका प्रावधानहरूको कार्यान्वयनका लागि पहल गर्ने ।
- खानेपानी र सरसफाइमा सबैको पहुँचको सुनिश्चितता, पर्याप्तताका साथै आयोजनाहरूको सुधारूपन र दिगोपनाका लागि स्थानीय तहबाट सक्रिय सहभागिता बढाउन पहल गर्ने ।

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**
केन्द्रीय कार्यालय, जेसिस मार्ग, थापाथली, काठमाडौं
फोन नं: ०१-४२४९७२०
पोष्ट बक्स नं. १९९८०, काठमाडौं
इमेल: fedwasun@wlink.com.np
Website: www.fedwasun.org

खानेपानी र सरसफाइ सबैका लागि सधैंका लागि

# खानेपानी र सरसफाइ अधिकार आधारभूत जानकारी



